# प्रेस विज्ञप्ति

**२०८० असार ६ गते**

## 'ज्यान मार्ने उद्योग' जस्तो गम्भीर प्रकृतिको मुद्दा फिर्ता लिने निर्णय सच्याउन र प्रेम चलाउनेको जीवन रक्षा गर्न जवाफदेहिता निगरानी समितिको अपिल

विगत तीन वर्षदेखि काठमाडौं जिल्ला अदालतमा उपप्राध्यापक प्रेम चलाउनेमाथि भएको सांघातिक हमलाविरुद्ध चलिरहेको 'ज्यान मार्ने उद्योग' सम्बन्धी गम्भीर तथा संवेदनशील मुद्दा फिर्ता लिन नेपाल सरकारले गरेको निर्णय र त्यस निर्णयका विरुद्ध उनले थालेको सत्याग्रहको तेस्रो दिन बितिसकेको अवस्थाप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

त्रिभुवन विश्वविद्यालयको परिसरमा उपप्राध्यापक चलाउनेलाई ज्यान मार्ने उद्देश्यले गरिएको सांघातिक आक्रमणमा संलग्न भनिएका नेविसंघका नेता तथा कार्यकर्तालाई उन्मुक्ति दिने उद्देश्यले काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थाको मुद्दा फिर्ता लिने सरकारको निर्णयप्रति निगरानी समिति आपत्ति प्रकट गर्दछ ।

पीडितलाई न्याय सुनिश्चित गर्नु तथा अपराधीलाई दण्डको भागिदार बनाउनु लोकतान्त्रिक सरकारको आधारभूत कानुनी दायित्व हो । दण्डहीनताको अन्त्य र सुशासनको प्रत्याभूति लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र न्यायपालिकाप्रतिको सम्मानले कानूनी सर्वोच्चताप्रति नागरिकको आस्था एवं विश्वास कायम रहन्छ । तर संविधानले प्रत्याभूत गरेको अपराध पीडितको मौलिक हकलाई कुण्ठित गर्ने र सत्ता एवं शक्तिको दुरुपयोग गरी अदालतमा चलिरहेको मुद्दा फिर्ता लिने सरकारको निर्णय लोकतन्त्रको उपहास मात्र नभएर शक्ति पृथकीकरणको सिद्धान्तविपरीत र दण्डहीनतालाई संस्थागत गर्ने कार्य समेत रहेको निगरानी समितिको ठहर छ ।

सत्ता र शक्ति दुरुपयोग गरी गरिएको ज्यान मार्ने उद्योग मुद्दा फिर्ताको निर्णय मानवअधिकारका आधारभूत सिद्धान्त, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नेपाल पक्षराष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार महासन्धि १९६६, नेपालको संविधानले प्रत्याभूत गरेको अपराध पीडितको मौलिक हकसमेतको बर्खिलापमा छ ।साथै, यो निर्णय सर्वोच्च अदालतबाट विभिन्न समयमा प्रतिपादित नजिरको पनि बर्खिलाप रहेको निगरानी समितिको निष्कर्ष छ ।

आपराधिक गतिविधिमा संलग्न जोसुकैको संरक्षण लोकतान्त्रिक प्रणालीमा स्वीकार्य हुन सक्दैन । यसबाट पीडितले स्वतन्त्र, सक्षम तथा निष्पक्ष निकायबाट न्याय पाउने नैसर्गिक अधिकारको उल्लंघन हुनका साथै दण्डहीनता संस्थागत हुने र कानूनी राज्यको उपहास हुने निश्चित छ । यसर्थ पीडितको न्यायको हक रक्षा गर्न, न्यायिक स्वतन्त्रता कायम राख्न र अपराधिक गतिविधिको राजनीतीकरण रोक्न मुद्दा फिर्ता लिने निर्णय अविलम्ब सच्याउन र प्रेम चलाउनेको जीवन रक्षा गर्न नेपाल सरकारसँग निगरानी समिति जोडदार अपिल गर्दछ ।

चरण प्रसाई, संयोजक

सम्पर्क- बिकास बस्नेत ९८५११६९८२२

.....................................................................................................................

***जवाफदेहिता निगरानी समितिमा आबद्ध सदस्यहरू:***

*सदस्यहरु : मन्दिरा शर्मा, प्रा.कपिल श्रेष्ठ, डा.गौरीशंकर लाल दास, कनकमणि दीक्षित, डा. गोपाल सिवाकोटी, सुमन अधिकारी, देवी सुनवार, विरेन्द्र थपलिया, दिनेश त्रिपाठी, ओम प्रकाश अर्याल, राजु प्रसाद चापागाई, सवित्री श्रेष्ठ, जनक राउत, ईन्द्र प्रसाद अर्याल, महामनिुश्वर आचार्य, बाबुराम गिरी, राजन कुईकेल, बिकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, पंकज कुमार कर्ण, बद्रि भुसाल, रुकमनी महर्जन, रणधिर चौधरी ।*